# यशोधरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बैदौली ,कपिलवस्तु

(लुम्बिनी प्रदेश, नेपाल)

पत्र संख्या :-२०८०/०८१

चलानीनम्वर :- २०८१।०२।०६

सुचना। सुचना।। सुचना।।।

दोस्रो पटक प्रकाशित मिति २०८१/०२/०६

## नदी, ताल तथा पोखरी ठेक्का सम्बन्धमा ।

यशोधरा गाउँपालिका अन्तरगत वडा नं. १ तितिर्खी, वडा नं. ५ बैदौली, वडा नं. ६ रंगपुर तथा वडा नं. ८ सिहोखोर अन्तरगत रहेका विभिन्न नदी, ताल तथा पोखरीहरुमा माछा मार्न तथा पाल्नको लागि ठेक्का दिनुपर्ने भएकोले तपसिल अनुसारको शर्तहरुको अधिनमा रही प्रत्येक नदी, ताल तथा पोखरीहरुको छुट्टा-छुट्टैसिलबन्दी बोलपत्र पत्र पेश गर्नु हुन सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसिलः-

१। मिति २०८१/०२/२० गते कार्यालय समय भित्र रु १०००। ( एक हजार मात्र ) तिरि फिर्ता नहुने गरी यस कार्यालयवाट बोलपत्र फारम खरिद गर्न सकिने छ ।

२। बोलपत्र खरीद दाता नेपाली नागरिक वा इजाजत प्राप्त संघ संस्था हुनुपर्ने छ ।

३। खरीद गर्नु भएको बोलपत्र फारममा आफनो नाम ठेगाना कबोल गरेको अंक र अक्षर प्रष्ट लेखी सिलबन्दी गरी मिति २०८१/०२/२२ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । सो दर्ता हुन आएको सिलबन्दी बोलपत्र सोही दिनको २:०० बजे पछि सम्बन्धित कार्यालयको प्रतिनिधिको रोहबरमा खोलिनेछ । उक्त सिलबन्दी बोलपत्र खोलिने समयमा सिलबन्दी बोलपत्र दाताको उपस्थिति नरहेको खण्डमा पनि सिलबन्दी बोलपत्र खोल्न सकिनेछ । बोलपत्र दाताले पेश गरेको बोलपत्रमा कबोल गरेको अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

४। सिलबन्दी बोलपत्र साथ आफूले कबोल गरेको अंकको ५% धरौटी हुने रकम यस कार्यालयको नाममा सिद्धार्थ बैंक मर्यादपुर शाखामा गा.पा.को धरौटी खाता( a/c No.02715083935) मा जम्मा गरेको बैंक भौचर इजाजत प्राप्त बितीय संस्थाले जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा ९० दिन म्याद भएको बोल कबोल जमानी पत्र संलग्न हुनु पर्नेछ ।

५। बोलपत्र स्वीकृत भएपछि त्यस्तो बोलपत्र दातावाट स्वीकृत ठेक्का अंकको कुल रकम तथा सोको १३ प्रतिशतले हुने मु.अ.कर र १.५ प्रतिशतले हुने अग्रिम आयकर जम्मा गरे पछि ठेक्का सम्बन्धित शर्तहरुको अधिनमा रही सम्बन्धित ठेकेदार संग कबुलियत गराई पट्टा उपलब्ध गराइनेछ ।

६। ठेक्का सम्झौता भए पश्चात कबोल गर्ने व्यक्ति तथा संस्थाले गाउँपालिकामा व्यवसाय दर्ता गर्नु पर्नेछ ।

७। ठेक्का अवधी सम्झौता मितिले २ वर्ष सम्मको लागि हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

८। नदी तथा तालको पानी कृषि कार्यको लागि आवश्यक भएमा नदी तथा तालको बीचमा ४ फिट सम्म पानी कायम राखी सो भन्दा माथिको हकमा रोक्का गर्न पाइने छैन ।

९। गाई बस्तु तथा अन्य चौपाया आदिलाई पानी खाना दिनु पर्नेछ ।

१०। नदी तथा तालको सरसफाई, मर्मत सुधार ठेकेदारले आफै गर्नु पर्नेछ ।

११। नदी तथा ताल ठेक्का सम्बन्धमा कुनै विवाद पर्न गएमा कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

१२। नदी तथा तालको वातावरणमा प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गर्न पाइने छैन र माछाको रेखदेख , सुरक्षा, संरक्षण ठेकेदार आफैले गर्नु पर्नेछ ।

१३। कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा तथा कुनै किसिमको छूट दिइने छैन ।

१४। नदी तथा ताल ठेक्कामा लिए वापत नियमानुसार लाग्ने सम्पूर्ण कर दस्तुर ठेकेदार आफैले बुझाउनु पर्नेछ ।

१५। यसमा लेखिएका जति शर्तहरु यसै बमोजिम हुनेछ । यसमा कुनै कुरा छूट हुन गएको भए छूट भएको जति मात्र प्रचलित कानून बमोजिम हुनेछ ।

तपसिलः-

वडा नं. १ तितिर्खी

| क. सं. | ठेक्का नं. | साविक वडा नं. | नदी तथा तालहरुको नाम | न्यूनतम कबोल अंक (मु.अ.कर बाहेक) प्रतिवर्ष |
|---|---|---|---|---|
| १ | १ | ६ | बनरही देखी बाबुगढ सम्म | ३१२५०। एकतिस हजार दुई सय पचास) |

वडा नं. ५ बैदौली

| क. सं. | ठेक्का नं. | साविक वडा नं. | नदी तथा तालहरुको नाम | न्यूनतम कबोल अंक (मु.अ.कर बाहेक) प्रति वर्ष |
|---|---|---|---|---|
| १ | २ | ५ | बूढापार पोखरी | १२५०००। (एक लाख पचिस हजार) |
| २ | ३ | ५ | मुडिला पोखरी उत्तर तर्फ | १२५०००। (एक लाख पचिस हजार) |
| ३ | ४ | ५ | लोहरौली पोखरी | १२५०००। (एक लाख पचिस हजार) |
| ४ | ५ | ५ | महसईया नाला | २५००००। (दुई लाख पचास हजार) |
| ५ | ६ | ५ | गाउँपालिका पोखरी | १२५०००। (एक लाख पचिस हजार) |

मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैदौली, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

वडा नं. ६ रंगपुर

| क. सं. | ठेक्का नं. | साविक वडा नं. | नदी तथा तालहरुको नाम | न्यूनतम कबोल अंक(मु.अ.कर बाहेक) प्रति वर्ष |
|---|---|---|---|---|
| १ | ७ | १ | झगरहवा ताल | ३७५००। (सैतिस हजार पाँच सय) |
| २ | ८ | ३ | कठहिया ताल | २५०००। पचिसहजार) |
| ३ | ९ | ९ | पुर्निहवा पोखरी | ६२५००। (बासठ हजार पाँच सय) |
| ४ | १० | ९ | पुर्निहवा गोदनहिया गडहा | २५०००। पचिस हजार) |
| ५ | ११ | ७ | रतनपुर जमुवार | १२५००। बाह्र हजार पाँच सय) |

वडा नं. ८ सिहोखोर

| क. सं. | ठेक्का नं. | साविक वडा नं. | नदी तथा तालहरुको नाम | न्यूनतम कबोल अंक (मु.अ.कर बाहेक) प्रति वर्ष |
|---|---|---|---|---|
| १ | १२ | ९ | पुन्निहवा ताल | ६२५००। (बासठ हजार पाँच सय) |
| २ | १३ | ४-५ | नौखनिया ताल | १००००। (एक लाख) |
| ३ | १४ | १-२-३ | सिहोखोर गाउँको दक्षिण ताल | ६२५००। (बासठ हजार पाँच सय) |

२०८१।०२।०३

रामचन्द्र ढकाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

श्री सुचना प्रविधि शाखाः- वेवसाइटमा अपलोड गरी दिनु हुन ।